परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

**Talk Nepal National Daily**

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ४१ पृष्ठ ४ २०८१ मंसिर १५ गते, शनिबार 30- November, 2024 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लैक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

## मधेशका गृहमन्त्रीलाई गोईतको धम्कि



● **टक नेपाल । बर्दिबास**

अरुलाई सुरक्षा दिने मन्त्रालयका मन्त्रि आफै धम्किको शिकार भएका छन् । मधेशका गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले आफूलाई सशस्त्र भूमिगत समूहबाट धम्की आइरहेको दाबी गरेका छन् । शुक्रबार मन्त्रालयमा पत्रकार सम्मेलन आयोजना गर्दै गृहमन्त्री लेखीले जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्तिमोर्चाको नामबाट धम्की आइरहेको बताएका हुन् । उनले धम्की आएको विषयमा मुख्यमन्त्री र मधेश प्रहरी प्रमुखलाई जानकारी गराइसकेको पनि बताए । सुरक्षा निकायबाट यस विषयमा अन्य मन्त्रीहरूलाई समेत आफू जस्तो धम्की आउने गरेको जानकारी पाएको मन्त्री लेखीको भनाइ छ । बिहीबार गृह तथा सञ्चार मन्त्रालयमा बसेको प्रदेश सुरक्षा समितिको बैठकमा पनि मन्त्री लेखीले धम्की आउने गरेको विषय उठाएका थिए । त्यस बैठकमा अनुसन्धानका प्रहरी अधिकारीले अन्य पनि केही मन्त्रीले यस्तो धम्की आउने गरेको खुलाएका थिए । 'गोइत भारतमा छन् । बिरामी छु, उपचार खर्चको लागि पैसा पठाउ भनेर फोन गरेर धम्की दिने गरेको कुरा केही मन्त्रीबाट आएको छ । मन्त्रीजीले पनि त्यही विषयमा आफ्नो कुरा बैठकमा राख्नु भएको थियो,' बैठकमा सहभागी एक अधिकारीले भने । तर, मन्त्री लेखीले नेपाल प्रहरीलाई यस विषयमा केही पनि जानकारी नदिएको अर्को एक प्रहरी अधिकारीको दाबी छ । 'धम्की आएको विषयमा प्रहरीलाई जानकारी दिएर अनुसन्धानमा लगाउनुपर्ने हो । हिजो बैठकमा उठाउनु भएको थियो । तर आजै गृहमन्त्री जस्तो व्यक्तिले यो कुरा सिधै पत्रकार सम्मेलनमा सार्वजनिक गर्नुभयो । किन यस्तो गर्नुभयो उहाँलाई नै थाहा होला,' ती प्रहरी अधिकारी भन्छन् ।

### मानव बेचबिखन विरुद्ध सचेतना

❖ बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरुरी छ।

❖ विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ।

❖ पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरुरी छ।

❖ समाजमा तुरुन्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीहरू समावेश गर्न जरुरी छ।

❖ रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ

❖ शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्वन्धित निकायसँग समन्वय गर्ने।

गौशाला नगरपालिका,महोत्तरी
मधेश प्रदेश

## रातुनदि उकास ठाँउ, वर्दिबासको पाँप पखाल्ने स्थान मात्र हो ?



निल कुमार लुम्बे
वर्दिवास न.पा. ६, महोत्तरी

यो स्टाटस मात्रै होइन । बर्दिवासको बारेमा मेरो समग्र विचार हो । त्यस कारण, अलि धेरै नै लेख्दैछु । अहिले बर्दिवासमा अनावश्यकरुपमा राजनीतिक सरगर्मी बढेको छ । त्यसको रापतापले नेताहरु एक ठाउँमा ठिंग उभिन सकेको छैन । स्थानीय संचार माध्यमहरु 'द पब्लिक टुडे र टक नेपाल'ले सम्प्रेषण गरेको समाचारलाई आधार मान्ने हो भने, नेताहरु दिन नबित्दै घरि यता, घरि उता ढल्किएको देखिन्छ । नेताहरु सामान्य अवस्थामा त बोल्दै छन? शंका लाग्छ । यदि सामान्य अवस्था मै हो भने, हुन लागेको आवश्यक र उपयुक्त कामको विरोध नगरौ । त्यो शक्ति र जागरलाई, नगरी नहुने तर नभई रहेको काम गर्न नगरपालिकालाई रचनात्मक दवाव सिर्जना गर्नमा सदुपयोग गरौ । साविक बर्दिवासका नेताहरुलाई साच्चै नेता नै बन्न मन लागेको हो? त्यसो हो भने, पूर्व मेयरज्यूको पालामा भू-माफियाहरुले किसान नगरमा पनि करोडौ मूल्य पर्ने ऐलानी र छुट जग्गाहरु व्यक्तिको नाममा नापी गरेको भन्ने चर्चा छ । यसको छानविन गरौ, त्यस्तै हो भने त्यो प्रकृतिको जग्गा नगरको स्वामित्वमा राखौ । तर, वास्तविक सुकुम्वासी र आधिकारिक व्यक्तिहरु चाही मर्कामा नपरुन भन्ने कुरामा पनि सजग बनौ । बहस निश्चित सवालमा गरौ । व्यक्ति स्वार्थमा गरिने बहस, समयको बर्वादी मात्र हो । यो सवालमा भने वर्तमान मेयर ज्यु पनि जवाफदेही हुनुपर्छ । यस विषयमा वर्तमान मेयर ज्युलाई भेटघाट हुँदा अनौपचारिकरुपमा पटक-पटक जानकारी गराएको छु । मेयर ज्युको सम्झनामा छ भन्ने, विश्वास गर्दछु । यसै सन्दर्भमा, मलाई किसान नगर को चर्चा गर्न मन लाग्यो । वि.सं २०७१ सालमा बर्दिबास नगर पालिका गठन गर्नुपर्ने थियो । त्यसका लागि तत्कालीन गाउँ विकास समिति (गा.वि.स.)हरूले 'नगरपालिकामा समाहित हुने वा नहुने' भन्ने निर्णय गर्नुपर्ने थियो ।




त्यसै सन्दर्भमा, किसान नगर गा.वि.स. कार्यालयमा ७ दलीय राजनीतिक संयन्त्रको बैठक थियो। त्यो बैठकमा मेरो पनि उपस्थिति थियो । त्यति वेला माओवादी जनयुद्धको कारण लामो समय सम्म निर्वाचन हुन सकिरहेको थिएन । पहिलेको निर्वाचित जनप्रतिनिधिहरूको अवधि समाप्त भइसकेको कारण गा.वि.स.हरू निर्वाचित जनप्रतिनिधि विहीन भएको अवस्था थियो । केन्द्र देखि स्थानीय तह सम्म नै ७ दलीय राजनीतिक संयन्त्रले काम गरिरहेको अवस्था थियो । त्यस बेला किसान नगरलाई बर्दिबासमा समाहित गर्न नहुने मत पनि थियो। समाहित हुन नहुने मत भएकाहरूले 'अहिले त बर्दिवासवासीहरुले हामीलाई खानेपानी र सिचाइको लागि पानीको मुहान दिन खोजे को छैन, पछि झन् के गर्ला?' भन्ने लगायतका निकै तर्क गर्नु हुन्थ्यो । र, तत्कालीन बर्दिबासमा पनि किसान नगरलाई बर्दिबास नगर पालिकामा समाहित गर्न नहुने धारणाहरू पर्याप्त नै थियो । त्यसको मुख्य कारण थियो 'रातु खोला' । 'रातु खोलाले वर्षेनी क्षति गर्छ, किसान नगरको संरक्षणमा धेरै खर्च गर्नुपर्छ' भन्ने त्यहाँको जनमानसमा एउटा त्रास थियो । म चाही किसान नगरलाई नगर पालिकामा समाहित गर्नुपर्ने पक्षमा थिए । संयन्त्रको बैठकमा राखेका प्रतिक्रियात्मक तर्कहरू मलाई अझै याद छ । मैले भनेको थिए *१) नगरपालिका गठनको लागी 'जनसंख्या' पनि एउटा आधार भएको कारण बर्दिबासले किसान नगरलाई स्विकार्नुको विकल्प छैन। २) हामी एउटै नगरवासी भयौ भने बर्दिबास क्षेत्रमा भएको पानीको श्रोतमा हाम्रो पनि अधिकार हुन्छ। ३) राष्ट्रिय राजनीति गर्न चाहने किसान नगरको नेताहरूले आफू साँघुरिने डर पाल्नु हुँदैन, अझै फैलिने अवसर प्राप्त गर्नेछ । ४) त्यस वेला समाहित हुन चर्चामा रहेका गा.वि.स.हरू माईस्थान र गौरीवास गा.वि.स.हरुमा धेरै जसो भू-भाग बन क्षेत्र रहेकोले त्यहाँ विकासका लागि आवश्यक पर्ने भौतिक संरचनाहरू निर्माण गर्ने सम्भावना न्यून रहन्छ । ५) बर्दिबास पूर्वमा रातु खोला र पश्चिममा भब्सी खोला भित्रको साँघुरो आयतनमा छ, र त्यहाँ जमिनको बढ्दो मूल्याङ्कनको कारण लगानी बढी लाग्ने हुन्छ, त्यस कारण त्यहाँ पनि विकासका लागि संरचनाहरू निर्माण गर्ने सम्भावना न्यून रहन्छ । 'यस कारण किसान नगरको विकास विना बर्दिबासको विकास असम्भव छ' भन्दै अन्य अवसरहरु पनि भनेको थिए; ६) किसान नगरमा भौतिक संरचना निर्माणको लागि सस्तोमा पर्याप्त जग्गाको व्यवस्थापन हुन्छ। ७) पर्याप्त ऐलानी जग्गा छ, यसलाई सरकारीकरण गरेर निःशुल्क विकास प्रयोजनमा उपयोग गर्न सकिन्छ । ८) यहाँ खन्नु पर्छ, तर खनेको ठाउँबाट मानव जीविकाको मुख्य आधार 'पानी' प्राप्त गर्न सकिन्छ। ९) हामीले जोखिम सम्झेको रातु खोला नियन्त्रण कार्य, चर्चा भएझैं राष्ट्रिय योजनामा परेर साँच्चै काम सम्पन्न भयो भने अझ निकै भू-उपयोग गर्न सकिन्छ । १०) र अन्य सहरहरूलाई आधार मान्ने हो भने, दुरीको हिसाबले पनि बर्दिवासबाट किसान नगर टाढा होइन । भविष्यमा, किसान नगर विकास भएर मात्र बर्दिबासको समग्र विकास हुने हो। त्यस कारण किसान नगरलाई बर्दिबासमा समाहित गर्नुपर्छ ।* भन्ने मेरा तर्कहरू थिए । जुनसुकै कारणले होस, पहिलो पटक २०७१ सालमा किसान नगर, माईस्थान, गौरीवास र बर्दिबास गा.वि.स.हरु समाहित भएर (गाभिएर) बर्दिबास नगर पालिका गठन भयो । दोश्रो पटक वि.सं. २०७३ सालमा हाथिलेट, विजलपुरा, पशुपति नगर र खयमारा समाहित भएए १४ वटा वडा सहितको बर्दिवास नगरपालिका भएको छ । अहिले मेरो तर्क अलि फराकिलो भएको छ । तत्कालीन किसान नगर, पशुपतिनगर, विजलपुर, र हाथिलेटको विकास विना बर्दिबास नगरपालिकाको समग्र विकास असम्भव छ । अबको विकासको लागि मानव उपभोग्य बस्तुको उत्पादन अति आवश्यक छ । र उत्पादनको दृष्टिकोणले त्यो उर्वर भूमि भनेकै किसान नगर, पशुपतिनगर, विजलपुर र हाथिलेट नै हो । यस कारण, तत्कालीन बर्दिवास गा.वि.स.मा बसोबास गर्ने नेतृत्वले पुरानो धारणाहरु परिवर्तन गरेर नयाँ धारणाको विकास गर्नुपर्ने आवश्यक देखिन्छ। स्मरण रहोस् हिजो नगरपालिका गठन गर्दै गर्दा, तत्कालीन गा.वि.स.हरुले बर्दिबास नाम स्वीकार गरेको हो । अन्यत्र हेर्‍यौ भने नयाँ नाम नामकरण गरेर नगर पालिका गठन गरेको इतिहास पनि छ । तर त्यो वेला विकासको लागि सबैले 'बर्दिबास'लाई स्वीकार गरेको हो । आज बर्दिबास एउटा अस्तित्वमा रहनु त्यो पनि एउटा मुख्य कारण हो । अब बर्दिबासले पनि बर्दिबासमा समाहित भएका भूगोललाई स्वीकार गर्नुपर्छ, सम्मान गर्नुपर्छ । बर्दिबास नामकरण गर्दै गर्दा, ऐतिहासिक काम गरेर फेरी पनि 'किसान नगर' नामलाई अस्तित्वमा राख्न सकिन्छ भन्ने तर्क गर्थे । दुनियाँले 'बर्दिबास नगरपालिकामा किसान नगर भन्ने ठाउँ छ ..!' भन्ने गरी काम गरौँ न भन्थे । हो, अब बर्दिबासले त्यो भन्नु पर्ने अवस्था छ ।

***आदरणीय नेताज्यूहरु, अनावश्यक चिन्ता नगरौ ! बर्दिवासको समग्र विकासको लागि साझा प्रयत्न गरौ ! धन्यवाद !***



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### आजवाट नेपाल प्रिमियर लिग (एनपीएल), मधेसको टिम जनकपुर वोल्टस्

नेपालि क्रिकेटप्रेमीहरुको लागि ठुलो महाकुम्भ आजवाट शुरु भएको छ । यस प्रतियोगिताले यति ठूलो चर्चा पाइरहेको छ कि सायद खेलाडी र फ्यानहरूले क्यानले पनि यो सोचेको थिएन । सामाजिक सञ्जालदेखि नेपालभर जताततै अहिले एनपीएल क्रिकेटकै चर्चा छ । यो स्तरको चर्चा कसैले सोचेको थिएन । पहिलो पटक स्टार स्पोर्ट्समा लाइभ हुने, विश्व चर्चित स्टार शिखर धवन मार्टिन गप्टिल, जिम्मी निसम, बेन कटिङ जस्ता आउने, टीयू मैदानमा नयाँ सुविधा थपिनु, टीयू मैदानमा डिजिटल स्कोर बोर्डहरूराख्नु जस्ता कारणले पनि एनपीएलको चर्चा र हाइप धेरै बढिरहेको छ । यस्तै यस पटक एनपीएलमा भएको लगानीले पनि कर्पोरेट क्षेत्र देखि सबै खाले व्यक्तिहरूलाई आकर्षित गरेको छ । नेपाल क्रिकेट संघ क्यानले यसपटक समर्थकहरूको सुविधालाई लक्षित गर्दै टीयू मैदानमा विभिन्न सुविधाहरू थप गरेको छ । दर्शकहरूलाई यसअघिको जस्तो कठिन नहोस् भनेर प्यान जोन छुट्याइएको छ। हरेक फ्यान जोनको फरक टिकट हुनेछ। दर्शकले जुन जोनको टिकट काट्नेछन् त्यही जोनबाट भित्र पस्ने र बाहिरिने गर्नुपर्छ । यस्तै हरेक जोनको बाहिर दर्शकहरूका लागि टेम्पोररी ट्वालेट महिला र पुरुषका लागि फरक कको पनि व्यवस्था गरिएको छ। यसैगरी पहिलो पटक टीयू मैदानमा दर्शकका लागि भिआईपी टिकटको सुविधा पनि राखिएको छ । अली धेरै पैसा तिरेर हेर्न चाहने दर्शकका लागि क्यानले यस पटक टेम्पोरी १२०० थान सिट नै अट्याच गरेको छ। भारतका लागि तीनवटै पर्म्याटमा खेलिसकेका स्टार ब्याटर शिखर धवन, न्युजिल्याण्डका मार्टिल गप्टिल जस्ता स्टरा खेलाडीहरू पहिलो पटक नेपालमा लिग खेल्न आउँदैछन् । त्यसमा जिम्मी निसम र बेन कटिङ जस्ता टी२० का स्टार नामहरू पनि छन् । यस्तै इंग्ल्याण्डमा काउन्टी र भाइटालिटी ब्लास्ट खेल्नेदेखि अष्ट्रेलियाको बिग बास लिग खेलेका, विश्वकप जितेका सोहेन तनविर देखि एसोसिएटका उत्कृष्ट बास डे लिड र जेरार्ड इरासमस सम्मका खेलाडी एनपीएल खेल्न आउँदैछन् ।

## अव्यवस्थित परिवारलाई बाँसको घर



**• टक नेपाल**

धनुषाको गणेशमान चारनाथ नगर पालिका-७, सन्तपुरमा सुकुम्वासी परिवारका लागि प्रकृतिमैत्री बाँसको घर निर्माण भइरहेको छ । गणेशमान चारनाथ नगर पालिका र ह्याबिट्याट फर नेपालको साझेदारीमा सामुदायिक सुधार केन्द्र धनुषाले सन्तपुरका ३६ भूमिहीन, दलित, सीमान्तकृत, अति विपन्न र निम्न आयस्रोत भएका घर परिवारका लागि बाँसको घर निर्माण गरिएको हो । सामुदायिक सुधार केन्द्र धनुषाका अध्यक्ष सञ्जयकुमार साहले प्रकृतिमैत्री, भूकम्पको कम जोखिम र कम लागतमा घर निर्माण हुने भएकाले बाँसको अधिक प्रयोग गरिएको बताउनुभयो । धुरीखाँबो, बेरा र छानामा समेत बाँसकै प्रयोग गरिएको बताउँदै उहाँले प्रशोधित बाँसको प्रयोग गरिएकाले निर्माण हुने घरको आयु ४० वर्ष हुने जानकारी दिनुभयो । उहाँका अनुसार एउटा घर निर्माणमा पाँच लाख रुपियाँभन्दा बढी खर्च लाग्नेछ । प्रत्येक परिवारका लागि भान्छासहित दुई वटा कोठाको घर र शौचालय निर्माण हुन्छ । अध्यक्ष साहले सन्तपुरका ३६ अव्यवस्थित परिवारका लागि घर बनाउने योजना भए पनि पहिलो चरणमा आठ वटा घरको निर्माण कार्य अन्तिम चरण पुगेको उल्लेख गर्दै बाँकी घरको निर्माण कार्य चाँडै सुरु गरिने बताउनुभयो । घर निर्माणपछि सुकुम्वासी परिवारको आयस्तरमा वृद्धि ल्याउन, बालबालिकाको शिक्षा, शिशु तथा वृद्धवृद्धाको स्याहार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । गणेशमान चारनाथ नगरपालिकाका नगरप्रमुख जितनारायण यादवले अव्यवस्थित बसोबासीका लागि जग्गा व्यवस्थासहित प्रकृतिमैत्री बाँसको घर बनाइदिन लागेको बताउनुभयो । उहाँले शौचालय, खानेपानी, बिजुली बत्तीसहित एकीकृत नमूना बस्ती बनाउन लागिएको बताउँदै नागरिकको सुरक्षित आवासका लागि नगर पालिकाले यो योजना अघि बढाएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "घर निर्माणपछि घरसँगै एक परिवारलाई १० धुर जग्गाको लालपुर्जा बनाएर जग्गको स्वामित्व प्रदान गर्छौं । नगरभित्रका भूमिहीन, दलित जसलाई आर्थिकरुपले घर बनाउने अवस्था छैन त्यस्ता परिवारलाई आवासको व्यवस्था गर्नु नगरपालिकाको दायित्व हो ।" आफ्नो कार्यकालमा सम्भवतः नगरभित्रका सबै अव्यवस्थित घर परिवारका लागि घर निर्माण गरी आवास उपलब्ध गराउने लक्ष्य रहेको नगर प्रमुख यादवले बताउनुभयो । हेर्दा सामान्य जस्तो देखिए पनि बाँसको घर तीन दशकभन्दा बढी टिक्ने र घरको निर्माण कार्यले स्थानीय दक्ष र अदक्ष कामदारले रोजगारी पाएको उहाँको भनाइ छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रञ्जित यादवले सबै जनतालाई सुरक्षितरुपमा बस्न पाउने अधिकारको सुनिश्चित गर्न यो परियोजनाले मद्दत गर्ने अपेक्षा गरिएको बताउनुभयो । सबै नेपाली सुरक्षितसाथ बस्ने पाउने नैसर्गिक र संविधानप्रदत्त अधिकार भएको बताउँदै उहाँले यो परियोजनाले विपन्न, सीमान्तकृत, दलित र कमजोर अवस्थाका नगरवासीलाई ठूलो सहयोग पुग्ने जानकारी दिनुभयो । नगरपालिकाले अव्यवस्थित र घरविहीन नगरवासीलाई व्यवस्थित बनाउने मुख्य भूमिका निर्वाह गर्नुपर्ने दायित्वबोध गर्दै सञ्चालनमा ल्याइएको यो परि योजनाले तत्काललाई आठ घरधुरी परिवार लाभान्वित हुने अधिकृत यादवले बताउनुभयो । सन्तपुरका अव्यवस्थित बसोवासी जग्गाको स्वामित्वसहित बसो बासका निम्ति घर पाउने भएपछि खुसी देखिएका छन् । स्थानीय विजयकुमार राउतले वर्षौंदे खि फुसको झुपडीमा बस्दै आएको हामी अव्यवस्थित बसोबासीले व्यवस्थित घर पाउने भएपछि खुसी लागेको बताउनुभयो ।

## जिम किन आबश्यकता ?



पछिल्लो समय शहरमा जिम क्लब धाउनेको संख्या बढ्दो छ । ज्यान बनाउनकै लागि जिम धाउने धेरै भए पनि स्वस्थ्य रहनका लागि जिम जानेहरू पनि बढेका छन । यस्ता छन जिम जानुका फाइदा बारे बताउदै बर्दिवास नगरपालिकामा संचालित दीप डायमंड फिटनेस सेन्टरका सञ्चालक अनिस लाल दाश र जुम्बा प्रशिक्षक मिस बबिता महरा :

### तौल घटाउँछ

शहरी क्षेत्रमा मोटोपन अहिले एउटा समस्याको रूपमा देखिएको छ । यसबाट मुक्ति पाउने उपायमध्ये जिम पनि एउटा हो । नियमित जिममा शारीरिक अभ्यास गरेर पसिना बगाउँदा शरीरमा रहेको बोसो घट्छ। जति धेरै अभ्यास गरिन्छ त्यति धेरै शरीरमा जम्मा भएको बोसो घट्दै जान्छ । शारीरिक व्यायामले मोटोपन बढ्नबाट रोक्छ। अनि तौल पनि नियन्त्रणमा राख्छ।

### स्वस्थ राख्छ

जिम गएर नियमित व्यायाम गर्दा शरीर बन्ने मात्रै हो इन, स्वस्थ पनि रहन्छ । व्यायामले शरीरमा रहेको अनावश्यक कोलेस्ट्रोललाई घटाउने काम गर्छ ।, त्यस्तै, कार्डियोभास्कुलरसम्बन्धी रोगको जोखिमलाई पनि घटाउँछ । नियमित अभ्यासले मधुमेह, क्यान्सर लगायत रोग लाग्ने जोखिमलाई पनि कम गर्छ ।

### तनाव कम गर्छ

नियमित अभ्यास तनाव घटाउने गतिलो माध्यम हो । शारीरिक क्रियाकलापले मस्तिष्कका धेरै रसयानलाई सक्रिय बनाउँछ, जसबाट खुशी र आनन्द भइन्छ । तनाव घट्दै जान्छ ।

### आनन्दको अनुभूति गराउँछ

जस्तोसुकै तनावमा भएको मान्छेले पनि शारीरिक अभ्यास गरेपछि खुशीको अनुभव गर्छ । यो 'इन्ड्रोरफिन' भन्ने रसायनका कारणले हुन्छ। तनाव, डिप्रेसनबाट पीडित भएकाहरूलाई चिकित्सकले औषधिभन्दा अभ्यासका लागि सिफारिस गर्छन् ।

### आत्मविश्वास बढाउँछ

जिममा व्यायाम गर्दा राम्रो देखिने बनाउने मात्रै होइन राम्रो अनुभवको पनि विकास गर्छ । यसले आत्मविश्वास पनि बढाउँछ ।

### निद्रा लगाउँछ

निद्राको समस्या भएकाहरूले जिममा गएर प्रशस्त अभ्यास गर्नुपर्छ । नियमित शारीरिक अभ्यासले छिटो र गहिरो निद्रा लगाउन सघाउँछ । राम्रोसँग निद्रालागे पछि 'फ्रेस' अनुभव पनि हुन्छ ।

### शक्ति बढाउँछ

व्यायाम र शारीरिक अभ्यासले शरीरका तन्तुमा अक्सिजन र पोषण पुऱ्याउँछ। जसले गर्दा कार्डियो भास्कुलर प्रणालीले अझ प्रभावकारी रूपमा काम गर्छ । मुटु र फोक्सोले प्रभावकारी रूपमा काम गरेमा शरीरको काम गर्ने शक्ति बढ्छ ।

### कुलत नियन्त्रण गर्न सघाउँछ

धूम्रपान, मद्यपानजस्ता कुलत पछिल्लो समय समाजका लागि ठूलो समस्या बन्दै गएका छन् । कुलतबाट मुक्ति पाउने उपायमध्ये अभ्यास पनि एक हो । नियमित अभ्यासले लागुपदार्थ, रक्सीजस्ता कुलतबाट ध्यान अन्तै केन्द्रित गरिदिन्छ । जुन कुलत नियन्त्रणका लागि सहयोगी हुन्छ ।

### यौन क्षमता बढाउँछ

जिमगएरनियमितशारीरिकअभ्यासगर्नेमहिलारपुरुषको यौन क्षमता वृद्धि हुने धेरै अध्ययनले देखाएका छन् ।






# मधेश सरकारको ६४ बुँदे खर्च मार्गदर्शन खारेज, ४ बुँदे जारी



अर्थ मन्त्रालय

पत्र संख्याः-२०८१/८२
चलानी नम्बरः ३८७

जनकपुरधाम, नेपाल।
मिति २०८१।०८।१४

विषय: आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वय सम्बन्धी मार्गदर्शन पठाइएको।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री गृह, सञ्चार, तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री शिक्षा तथा सँस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री खेलकुद तथ समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश नीति तथा योजना आयोग, मधेश प्रदेश, जनकपुरधाम।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम।
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

प्रस्तुत विषयमा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१।०८।१४ को निर्णयानुसार जारी भएको आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१ यसै साथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

राम कुमार महतो
प्रदेश सचिव

बोधार्थः
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम।

"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
URL: www.mof.madhesh.gov.np फोन नं. ०४१-५२१५९८, ५२३०२८, ५२४६७७ Email: info.moeap@p2.gov.np



आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शन, २०८१

जारी मिति: २०८१/०८/१४

आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम विनियोजन भएको बजेट खर्च गर्न तथा स्वीकृत आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी गर्न वाञ्छनीय भएकोले मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार अर्थ मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८१/०८/१४ को निर्णयले देहाय बमोजिम मार्गदर्शन जारी गरिएको छ ।

. यो मार्गदर्शन मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम विनियोजित आर्थिक वर्ष २०८१/८२ को बजेट, आयोजना तथा कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सबै निकायलाई सो ऐन कार्यान्वयन हुने अवधिभर लागू हुनेछ ।
. स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानूनका साथै आर्थिक वर्ष २०८१/८२ को बजेट बक्तव्यमा उल्लिखित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग सम्वन्धित बुँदाहरुमा भएको व्यवस्थाका साथै मधेश प्रदेश सरकार मन्त्रिपरिषदबाट भएको निर्णय समेतको प्रचलित कानून बमोजिम पालना गर्नु पर्नेछ ।
. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भई मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा १० बमोजिम बाधा फुकाउन आवश्यक देखिएमा मधेश प्रदेश सरकार अर्थ मन्त्रालयसँग समन्वय गर्न सकिनेछ ।
. मधेश प्रदेश सरकार अर्थ मन्त्रालयको पत्र संख्या २०८१/८२, चलानी नं. १, मिति २०८१/०४/०२ को आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन खारेज गरिएको छ । सो मार्गदर्शन बमोजिम भए गरेका काम कारबाही यसै मार्गदर्शन बमोजिम भए गरेको मानिनेछ ।

मधेश सरकारको टाउको दुखाइ बनेको चालु आर्थिक वर्ष २०८१।८२ को बजेट खर्च मार्गदर्शन अर्थ मन्त्रालयले खारेज गरेको छ । अर्थ मन्त्रालयले ४ साउनमा जारी गरेको ६४ बुँदे खर्च मार्गदर्शन शुक्रबार खारेज गरेको हो । तत्कालीन अर्थसचिव सुवासचन्द्र सिवाकोटीले जारी गरेको चालु आर्थिक वर्षकको बजेट खर्च मार्गदर्शन मन्त्रालयले खारेज गरेर नयाँ ४ बुँदे मार्गदर्शन जारी गरेको हो । यसअघि जारी गरिएको मार्गदर्शन खारेज भएकाले नयाँ मार्गदर्शनलाई टेकेर काम गर्न अर्थ मन्त्रालयले मन्त्रालय तथा सम्बन्धित निकायमा शुक्रबार नै पत्राचार पनि गरिसकेको छ। 'मधेश प्रदेश सरकार अर्थ मन्त्रालयको पत्र संख्या २०८१/८२, चलानी नं. १, मिति २०८१/०४/०२ को आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन खारेज गरिएको छ। सो मार्गदर्शन बमोजिम भए गरेका काम कारवाही यसै मार्गदर्शन बमोजिम भए गरेको मानिनेछ', नयाँ खर्च मार्गदर्शनको चौथो बुँदामा उल्लेख छ । जारी गरिएको मार्गदर्शनको सुरुमा लेखिएको छ 'आर्थिक वर्ष २०८१/ ८२ को सेवा र कार्यको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम बिनियोजन भएको बजेट खर्च गर्न तथा स्वीकृत आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी गर्न आञ्छनीय भएकोले मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार अर्थ मन्त्रालयको मिति २०८१/०८/१४ को निर्णयले देहाय बमोजिम मार्गदर्शन जारी गरिएको छ ।' यस अघि जारी गरिएको ६४ बुँदे खर्च मार्गदर्शनमा रहेका धेरै बुँदाहरु आर्थिक ऐन २०७४ ,बजेट विनियोजन ऐन २०८१/०८२ सँग बाझिएको हुँदा त्यसलाई खारेज गरेर नयाँ चार बुँदा जारी गरिएको मन्त्रालयका एक अधिकारीले बताए। खारेज भएको मार्गदर्शनको ४० नम्बर बुँदाले बजेट खर्चमा झेल र सरकारको कार्य क्षमतामा समेत असर गरेको भन्दै आलोचना भएको थियो। मार्गदर्शनको ४० नम्बर बुँदामा बहुवर्षीय खरिद प्रक्रिया पूरा गरी कार्यान्वयनमा रहेका आयोजनाबाहेक १६ शीर्षकमा बजेट खर्च गर्न सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद योजना तयार गरी अर्थ मन्त्रालयबाट पूर्वस्वीकृति लिनुपर्ने प्रावधान राखिएको थियो। सोही बुँदालाई टेकेर अर्थ मन्त्रालयले बजेट खर्च प्रणाली पीएलआईएमबीएसमा बजेट लक राखेको थियो। उक्त बुँदाले सार्वजनिक खरिद ऐनलाई संकुचन गरेको र तत्कालीन अर्थ सचिव सुवासचन्द्र सिवाकोटीले तथा अनावश्यक बखेडा झिकेको भन्दै अन्य मन्त्रालयका कर्मचारी असन्तुष्ट थिए। करिब ३ साताअघि आएका नयाँ अर्थ सचिव रामकुमार महतोले बजेट 'लक' खोले पनि जारी बजेट खर्च मार्गदर्शन यथावत रहँदा बजेट खर्चमा मन्त्रालयहरु अलमलमा थिए।

# चार सय विद्यार्थीको आँखा र दन्त परीक्षण



● टक नेपाल

बर्दिवास -१ स्थित मोडर्न गुरुकुल स्कूलका विद्यार्थीलाई बर्दिवास स्थित शुभस्वस्तिक हस्पिटलले शुक्रबार आँखा र दन्त स्वास्थ्यको परीक्षण गरेको छ । विद्यालयको आग्रहमा हस्पिटलको 'विद्यालय स्वास्थ्य कार्यक्रम' अन्तर्गत सो परीक्षण गरिएको हो । बिद्यालयकै प्राङ्गणमा शुक्रबार सम्पन्न बालबालिकाको आँखा र दन्त परीक्षण कार्यक्रममा कक्षा १ देखि १० सम्मका ४०१ विद्यार्थी सहभागि भएका थिए । आँखा परीक्षण गराएका ४०१ विद्यार्थीमध्ये ५७ जनामा दृष्टीसम्वन्धि समस्या रहेको पाइएको डा. सन्तोषकुमार यादवले बताए । त्यसैगरी दाँतसम्वन्धि समस्या रहेका १७ जना विद्यार्थी पाइएको परीक्षणमा संलग्न डा. अनिल यादवले जानकारी दिए। शुभस्वस्तिक हस्पिटलले 'स्वस्थ बालबालिका भविश्यका कर्णधार' भन्ने नाराकासाथ बिद्यालय स्वास्थ्य कार्यक्रम गर्दै आएको छ । हरेक साताको शुक्रबार बर्दिवास क्षेत्रका एक बिद्यालयका बालबालिकाको आँखा र दन्त परीक्षण गर्ने हस्पिटलको अभियान रहेको सञ्चालक दीपक कार्कीले जानकारी दिए । उनले भने 'धेरै बिद्यालयबाट यस्तो माग आएकाले हस्पिटलले निःशुल्क परीक्षणको अभियान चलाएको हो ।'



# महोत्तरीमा विभिन्न ठाउँमा लुटपाट गर्ने समुह १ महिला सहित ६ जना पक्राउ




**टक नेपाल**

जिल्लाको विभिन्न ठाउँमा लुटपाट तथा डकैती गर्दै आईरहेका डाकाहरुलाई पक्राउ गरि जिल्ला प्रहरी कार्यालय महोत्तरीले शुक्रबार सार्वजनिक गरेको छ। भारतीय नागरिकले महोत्तरीको गौशालामा डेरामा परिवार सहित बसेर पेशेवर रुपमा डकैति तथा लुटपाट गर्ने समुहलाई प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो । प्रहरीले एक महिला सहित ६ जना लाई पक्राउ गरी सार्वजनिक गरेको हो। फरक फरक स्थानमा एउटै समुहले लुटपाट गरेको आरोपमा ६ जनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोतरीका प्रहरी नायव उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले बताए। भारत बिहार सितामाढी शिवनगर फुलहटा घर भई महो तरीको गौशालामा डेरा लिएर बस्दै आएका ३० वर्षीय डाक्टर भन्ने प्रमोद कुमार साह, सन्जु देवी साह लाई पक्राउ गरिएको छ। दुबै जना श्रीमान श्रीमती रहेको प्रहरीले जनाएको छ । लुटपाटमा संलग्न सितामाढी जानकीनगरका ५२ वर्षीय रन्धिर साह, सितामाढी विष्णुपुर बस्ने सुधिर भण्डारी, महोतरी गौशाला-९ बिसहरपुरका २८ वर्षीय ललन साह, गौशाला-६ फुलकाहाका २६ वर्षीय राकेश कुमार यादवलाई पक्राउ गरीएको प्रहरी नायव उपरीक्षक वैसवारले बताए। पक्राउ परेका आरोपितहरुसंगै लुटपाट गर्ने ४ जना भारतमा पक्राउ परेको जैसवारले बताए । लुटेरा समुहले जिल्लाको औरही, गौशालाको निगौल, बटौवा, इमली बजार, रजखोरमा हातहतियार देखाएर लुटपाट गरेका थिए। लुटपाटमा संलग्न ६ जनलाई पक्राउ गरी प्रहरीले हातहतियार तथा खरखजना, चोरी,डकैती(लुटपाट)रसंगठित अपराध मुद्धा दर्ता गरी अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक जैसवारले बताए । प्रहरीले लुटेराहरुबाट विभिन्न स्थानबाट लुटपाट भएको मोबाइल, गहना लगायतका समानहरु समेत बरामद गरेको छ।


## बाल विवाह सामाजिक अपराध हो यसको अन्त्य गरौं ।




- बाल विवाह गर्दा कलिलो शरिरमा गर्भ रहन सक्छ र बच्चा पाउन नसकेर नानीको मृत्यु हुन सक्छ ।
- बच्चा पाए पनि जन्मेको बच्चा कम तौलको र रोगी हुनसक्छ । अपाङ्ग बच्चा जन्मने सम्भावना हुन्छ ।
- कलिलै उमेरमा गर्भ बस्दा आमा र बच्चा दुबै कमजोर हुने भएकोले रोगी हुन्छन् ।
- बालबालिकाहरू शिक्षाबाट बन्चित हुन्छन् । उनीहरूको भविष्य अन्धकारमय हुन्छ ।
- सानैमा बिहे हुने हुँदा धेरै बच्चा जन्मने सम्भावना हुन्छ । धेरै बच्चाको स्याहार सुसार तथा शिक्षाको लागि गाह्रो हुन्छ ।
- धेरै बच्चा हुनु गरिब हुनुको अर्को कारण हो ।
- दाईजोका कारण धेरै महिलाहरू घरको अपहेलनामा पर्ने र घर झगडा हुन्छ

बर्दिबास नगरपालिका
नगरपालिकाको कार्यालय
बर्दिबास,महोत्तरी


# विवाहपञ्चमी महोत्सव र गढीमाई मेलालाई व्यवस्थित बनाइने



**टक नेपाल**

बाराको गढीमाईमा लागिरहेको मेला तथा जनकपुरधाममा यही मङ्सिर १६ गतेदेखि सुरु हुने सीताराम विवाहपञ्चमी महोत्सवलाई व्यवस्थित बनाइने भएको छ । धार्मिक तथा ऐतिहासिक महत्वका दुवै महोत्सवलाई व्यवस्थित बनाउन मधेश प्रदेशस्तरीय सुरक्षा समितिको बैठक आज जनकपुरधाममा बसेको थियो । प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीको अध्यक्षतामा बसेको सुरक्षा समितिको बैठकमा मेलालाई व्यवस्थित तथा शान्तिपूर्णरुपमा सम्पन्न गर्ने विषयमा छलफल भएको गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उद्धवप्रसाद रिजालले बताए । प्रत्येक पाँच वर्षको अन्तरालमा बाराको गढीमाईमा ठूलो धार्मिक मेला लाग्नुका साथै जनकपुरधाममा भारतको अयोध्याबाट सीताराम विवाहपञ्चमी महामहोत्सवमा सहभागी हुन झण्डै पाँच सयको सङ्ख्यामा विशिष्ट व्यक्तिसहित जन्ती आउने र लाखौं तीर्थालु मेला भर्न आउने कार्यक्रम छ। बैठकमा दुवै मेला तथा महोत्सवमा आउने भक्तजन तथा आगन्तुकको सुरक्षा सुनिश्चितता गर्ने, जोखिम क्षेत्रको पहिचान गरेर त्यसै अनुसारको सुरक्षा व्यवस्था मिलाउने र मेलामा हुने भीडको व्यवस्थापन, चोरी र दुर्घटनाको विषयमा छलफल भएको सचिव रिजालले बताए । बैठकमा मध्य पृतना हेडक्वाटर बर्दिबासका उपरथि सुदर्शन सिलवाल, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक कालीदास धौवजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक माधव तिमिलसिना, मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुभाषचन्द्र बोहोरालगायतको सहभागिता रहेको थियो ।

# वर्दिबास प्रहरीको हिरासतमा थुनुवाका लागि पुस्तकालय स्थापना

**टक नेपाल**

महोत्तरीको ईलाका प्रहरी कार्यालय वर्दिवासमा प्रहरीको हिरासतमा पुस्तकालय स्थापना गरिएको छ । थुनुवाहरुको आचरण, व्यबहार र सोचमा परिवर्तन ल्याउने उद्देश्यले हिरासतमा पुस्तकालय संचालनमा ल्याएको हो । थुनुवको आचरण तथा बानी ब्यहोरामा प्रभावकारी भूमिका खेल्ने कार्यालय प्रमुख प्र.ना.उ. रेवतिरमण पोखरलेले विश्वास व्यक्त गरे। नेपाल प्रहरीले मुद्धा चल्ने प्रहरी कार्यालयहरूमा 'हिरासतमा पुस्तकालय' अभियान सञ्चालनमा ल्याएको छ। नेपाल प्रहरी कार्ययोजना, २०८० अन्तर्गत नवप्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरूप फौजदारी कसुरको अनुसन्धान गर्ने प्रत्येक प्रहरी कार्यालयहरूले हिरासत पुस्तकालयको व्यवस्था गर्ने प्रावधान अनुसार अभियान सञ्चालन गरिएको हो ।




विभिन्न मुद्दाको अनुसन्धान प्रक्रियाको क्रममा आपराधिक क्रियाकलापमा संलग्न भएको अभियोगमा पक्राउ परेका व्यक्तिहरूमा सकारात्मक सोचको विकास गर्ने उद्देश्य अभियानको रहेको छ । छोटो समयमा नै अभियान प्रभावकारी हुँदै गएको छ । पुस्तकालयमा विभिन्न विधाका उपन्यास, कथा, कविता, निबन्ध, धार्मिक ग्रन्थ, कानुन, सामान्यज्ञानको साथै विभिन्न व्यक्तिका जीवन संघर्ष, जेल जीवन, राजनीतिक विचार, सिद्धान्त, व्यावसायिक सीप, उत्प्रेरणा, सकारात्मक सोचका विषयमा लेखिएका पुस्तकहरू रहेका छन् । दैनिक जीवनमा आइपर्ने समस्या र समाधानका विषय समेटिएका पुस्तक पनि राखिएको छ। हिरासत तथा कारागार पुस्तकालयबाट आफूहरूलाई निकै राम्रो भएको र पढेर नयाँ नयाँ कुरा सिक्ने मौका पाएको भनाइ थुनुवा तथा कैदीबन्दीहरूको रहेको छ ।


अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255


बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान संपादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com